# इजिएइवि नीति - इन्टरनेट नीति

डेनभर सामुदायिक विद्यालयले बृहत्-क्षेत्र नेटवर्क सेवा प्रदान गरेको छ जसले डिस्ट्रिक्ट फ्यासिलिटिहरूलाई एकअर्कामा र समग्र रूपमा इन्टरनेटसँग जोड्ने काम गरेको छ। इन्टरनेटको पहुँचले विद्यार्थी र शिक्षकहरूलाई अन्यन्त विशाल र विशिष्ट स्रोतमा पुऱ्याउँछ। यसो गर्नुमा डिस्ट्रिक्टको उद्देश्य चाहिँ स्रोतहरू बाडचुड, नव-निर्माण र सञ्चारलाई सुगमीकरण गरेर विद्यालयहरूमा शैक्षिक अवसरहरूको प्रबर्धन गर्नु हो। इन्टरनेट एउटा त्यस्तो इलेक्ट्रोनिक नेटवर्क हो जसले संसारभरीका करोडौं कम्प्युटर र व्यक्तिहरूलाई जोड्दछ। यसको समन्वय सरकारी एजेन्सीहरू एवम् क्षेत्रीय र राज्यस्तरका नेटवर्कहरूको जटिल साहचर्यद्वारा गरिन्छ। यसको बाधारहित सञ्चालन जसले डिस्ट्रिक्ट भित्र र विश्वभरी पहुँच दिन्छ, इन्ड-प्रयोगकर्ताको उपयुक्त व्यवहारमा भर पर्दछ।

प्रयोगकर्ताहरूले नेटवर्क पहुँच प्राप्त गर्न र कायम राख्न यससम्बन्धि नीतिका मार्गदर्शनहरू पूर्ण रूपले पालना गर्नुपर्दछ। यस नीतिको कुनै पनि प्रावधान उल्लङ्घन गर्नाको नतिजा निम्न हुन सक्छ:

* पहुँचमा रोक्का

* भविष्यमा पाउने पहुँचमा अस्वीकृति

* सम्भावित अनुशासनात्मक कारवाही।

परिभाषाहरू:

१. **अवैध क्रियाकलाप-** स्थानीय, राज्यको र वा फेडेरल नियमहरूको उल्लङ्घन गर्ने जस्ता क्रियाकलापहरू सामेल तर यतिमै सीमित नभएका क्रियाकलापहरू।

२. **अश्लील क्रियाकलाप -** समुदायको स्वामीत्व र सञ्चालनमा रहेको सञ्चार बाहनमा सामान्यतया स्वीकृत सामाजिक मान्यताहरूको उल्लङ्घन। यसमा यौनजन्य सामग्रीहरूको पहुँच र प्राप्ति पनि सामेल छन्।

३. **अनुपयुक्त प्रयोग -** यस नीतिको उल्लङ्घनमा गरिएका क्रियाकलापहरू वा अन्य क्रियाकलापहरू जसलाई सिस्टम व्यवस्थापकले अनुपयुक्त मानेका छन्।

४. **सिस्टम प्रशासक -** विद्यालय डिस्ट्रिक्टका कर्मचारीहरू जसको कार्यसम्पादनमा डिस्ट्रिक्टको कम्प्युटर नेटवर्कको देखरेख पनि पर्दछ।

५. **खतरनाक जानकारी -** यस्तो जानकारी जसलाई कार्यरूप दिँदा क्षति, खतरा हुनसक्छ वा डिस्ट्रिक्ट वा समुदाय समेतको कार्यपद्धतिमा बाधा आउनसक्छ।

६. **व्यक्तिगत सुरक्षाको सम्झौता-** आफैँसँग वा अरूसँग सम्बन्धित व्यक्तिगत सम्पर्क जानकारी जाहेर गर्नु वा देखाउनु।

डिस्ट्रिक्टले अश्लील, पोर्नोग्राफिक र अन्य हानीकारक सामग्रीहरूमा सानाहरूको पहुँचलाई रोक्न छान्ने पद्धति (फिल्टरिङ) उपलब्ध गराएको छ। त्यस्ता सामग्रीहरूसँग कहिल्यै सामना हुँदैन भनेर डिस्ट्रिक्टले ग्यारेन्टी गर्दैन। विश्वव्यापी नेटवर्कमा सबै सामग्रीहरू नियन्त्रण गर्न असम्भव हुन्छ र कहिलेकाहीँ प्रयोग गर्नेले पनि सजिलै विवादास्पद सामग्रीहरू भेटाउन सक्छन्। विद्यालय डिस्ट्रिक्ट यो विश्वास गर्छ कि यो विश्वव्यापी नेटवर्कमा उपलब्ध जानकारी र अन्तरक्रियाले प्रयोगकर्ताले डिस्ट्रिक्टको शैक्षिक उद्देश्यसँग मेल नखाने सामग्रीको पहुँचको सम्भावनालाई सयौं गुनाले न्यूनिकरण गर्दछ।

डिस्ट्रिक्टको नेटवर्कको प्रयोग अधिकार नभएर सुविधा हो र सबैले यसलाई त्यही अनुसार लिनुपर्दछ। नेटवर्कको अनुपयुक्त प्रयोगले यो सुविधा कटौती हुनसक्छ। निम्न कुराहरू स्पष्टरूपमा निषेध गरिएका छन् :

१. डिस्ट्रिक्टको नेटवर्कलाई कुनै पनि अवैध वा अश्लील क्रियाकलाप र वा अनुपयुक्त प्रयोगका लागि प्रयोग गर्नु।

२. कुनै पनि गैर-डिस्ट्रिक्ट व्यापार र वा व्यापारिक उद्देश्य, उत्पादन विज्ञापन, वा कुनै राजनैतिक दलको सहयोग र लबीमा डिस्ट्रिक्टको नेरटवर्क प्रयोग गर्नु ।

३. नेटवर्क वा नेटवर्क स्रोतहरू नष्ट गर्नु जसमा डिस्ट्रिक्टको नेटवर्कमा हानी गर्ने, विध्वंस गर्ने र डाटा बदल्ने र कुनै पनि किसिमको कम्प्युटर भाइरसको प्रवेश सामेल छन् तर यतिमै सीमित छैनन् ।

४. निषेधित डाटाको पहुँचमा कोसिस गर्ने र अन्यले प्रयोग गर्ने नेटवर्मा बाधा पुर्‍याउने ।

५. अपवित्र वा त्यस्तो भाषाको प्रयोग जो साधारणतया अर्को व्यक्ति र वा समूहलाई अपमानजनक, निन्दाकारक, क्लेशदायी वा धमकीपूर्ण हुन्छ ।

६. खतरापूर्ण जानकारीको निर्माण गर्नु वा पहुँचमा हुनु ।

७. कपिराइट उल्लङ्घन गर्नु वा लाइसेन्स समझौतासँग हस्तक्षेप गर्नु । यसमा सफ्टवेयर साथै लेखाइ, ग्राफिक्स, फोटो, इलेक्ट्रोनिक डाटाको अवैधानिक(अनक्रेडिटेड) प्रयोग वा व्यक्तिको गोपनीयता अधिकारमाथि हस्तक्षेप अथवा अनुमोदन बिनाका सामग्रीहरू पनि सामेल छन् त यतिमै सीमित छैनन् ।

डिस्ट्रिक्ट नेटवर्कबाट प्राप्त कुनै पनि सामग्रीको चोरी पनि निषेध गरिएको छ । डिस्ट्रिक्ट नेटवर्कमा राखिएका सामग्रीहरूमा कपिराइट नभएसम्म प्रयोगकर्ताहरूको कुनै स्वामीत्व अधिकार रहेको छैन ।

८. डिस्ट्रिक्ट नेटवर्कको पहुँच अनधिकार प्राप्त प्रयोगकर्तामा पुर्‍याउनु ।

९. इलेक्ट्रोनिक मेलका पासवर्डहरू साझा गर्नु, खुला र सजिलै पहुँचभएका ठाउँहरूमा पासवर्ड देखिने गरी छोडिदिनु वा “साइन” अन भएका कम्प्युटरहरूलाई खुलै छाडिदिनु ।

१०. व्यक्तिगत सुरक्षासँग सम्झौता गर्नु ।

११. बच्चाहरूलाई इन्टरनेटका अनुपुक्त सामग्रीमा पहुँच दिलाउनु ।

१२. बच्चाहरूसँग सम्बन्धित व्यक्तिगत जानकारीहरू खुला गर्नु, प्रयोग गर्नु र प्रसार गर्नु ।

डिस्ट्रिक्टले ब्रोडब्यान्ड डाटा परिमार्जन अधिनियम को दुई नम्बर शीर्षक जसलाई साधारणतया एक्काइसौं शताब्दीमा बच्चाहरूलाई सुरक्षा दिने अधिनियम (यस पछाडि अधिनियम) का नामले जानिन्छ-लाई मान्दछ जसले विद्यालय र लाइब्रेरीहरूलाई दिन्छ सामुदायिक सचेतता अभियान इन्टरनेट प्रयोग र सुरक्षाका साथै सुरक्षित इन्टरनेट प्रयोग गर्ने रणनीतिहरूको विकास गर्नका लागि इ-रेटमा छूट दिन्छ । यस अतिरिक्त डिस्ट्रिक्टका विद्यार्थी र प्रयोगकर्ताहरूलाई उपयुक्त अनलाइन व्यवहार, जसमा सामाजिक नेटवर्किङ वेबसाइट, च्याटरूमहरूमा अरू व्यक्तिहरूसँग अन्तरक्रिया, साइबरबुलिइङ सम्बन्धी सचेतता र उपयुक्त प्रतिक्रिया के हो र कसरी गर्न सकिन्छ भन्ने कुराको शिक्षा सामेल छ तर यतिमै सीमित छैन । त्यसै अनुरूप सुपरिन्टेन्डेन्ट वा उनका प्रतिनिधिले एक वा बढी व्यक्तिहरूलाई प्रतिनिधि तोक्न सक्छन् जसले डिस्ट्रिक्ट डिपार्टमेन्ट, विद्यालय वा कार्यक्रममा डिस्ट्रिक्ट पर्सोनेल, विद्यार्थी, बच्चाहरू र डिस्ट्रिक्ट इन्टरनेट अधिनियम का हालका वा पछि संसोधित हुने प्रयोगकर्ताहरूलाई सुरक्षित इन्टरनेटको प्रबर्धनका लागि मार्गदर्शन, प्रक्रिया र रणनीतिहरू ड्राफ्ट गर्ने, सम्पादन गर्ने, रिभाइज गर्ने र वितरण गर्ने कार्य गर्न सकून् ।

डिस्ट्रिक्टको नेटवर्क भित्र भएको सञ्चार व्यक्तिगत हुँदैन र डिस्ट्रिक्टको स्टाफले नेटवर्क सुपरिवेक्षण र मर्मतका बेला डाइरेक्टरी र सन्देशहरूको निरीक्षण र समीक्षा गर्न सक्छन् । यस नीतिलाई मान्नका लागि डिस्ट्रिक्टसँग सर्वाधिकार छ र कुनै तार्किक कारणसित वा कारणबिनै स्टोर गरिएका डाटाहरू डिस्ट्रिक्टले हेर्न सक्नेछ ।

विद्यालय डिस्ट्रिक्टले यसको नेटवर्कको कार्यमा कुनै विशिष्ट मापदण्ड छ भन्ने कुनै ग्यारेन्टी गर्दैन न यस नेटवर्क प्रयोग गरेबापत कुनै क्षतिका लागि जिम्मेवार छ । यसमा डाटाको क्षति, बितरण नभएको (नन-डेलिभरी), गलत ठाउँमा बितरण भएको (मिसडेलिभरी) वा सेवा हस्तक्षेपहरू पर्दछन् । डिस्ट्रिक्ट नेटवर्कबाट लिएको कुनै पनि जानकारीको लागि प्रयोगकर्ताले नै जोखिम लिनु पर्नेछ । डिस्ट्रिक्टले विशिष्ट रूपमा इन्टरनेटबाट लिइएको जानकारीको गुणवत्ता र सत्यतामा कुनै जिम्मेवारी लिँदैन ।

ग्रहण गरिएको: जुन १७, १९९९

संसोधन गरिएको: मार्च २१, २००२

संसोधन गरिएको: जुन २१, २०१२

क्रस सन्दर्भ : इजिएइए इलेक्ट्रोनिक मेल

न्यायिक सन्दर्भः चिल्ड्रेन्स इन्टरनेट प्रोटेक्सन एक्ट (पियुबि.एल.१०६–५५४)